नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

नियमन शाखा ३४७ (२०८३/०८४) च.नं. १७५५

**मिति:** २०८३-०६-१६

श्री ईजाजतपत्र सवै  जीवन बीमक तथा लघुजीवन बीमकहरु,

**विषय: बीमा रकम भुक्तानीमा सरलता हुने व्यवस्था गर्ने सम्बन्धमा।**

संवत् २०८३ साल भाद्र १० गते ल्हेन्दे-खोला-भोटेकोशी-त्रिशूली-नारायणी नदी प्रणालीमा आएको भीषण बाढीबाट प्रभावित बीमितहरुमा हुन गएको विपद्जन्य परिस्थितिलाई मध्यनजर गरी  बीमित तथा हकवालाहरुको हितका लागि उक्त कारणबाट जीवन बीमा अन्तर्गत मृत्यु दावी, समर्पण, बीमालेख कर्जा तथा परिपक्व भुक्तानीमा पेश गर्नुपर्ने  प्रमाण, कागजात तथा प्रकृयामा सरलता हुने गरी देहाय बमोजिमको सरलीकृत व्यवस्था लागू गर्नु हुन निर्णयानुसार जानकारी गराईएको छ।

१. दाबी सम्बन्धी निवेदनमा खुलाउनुपर्ने विववरणः बीमितको नाम, मृत्यु भएको मिति, मृत्यको कारण, बीमालेख नम्बर तथा दावीकर्तासँगको नाता।

२. निवेदनमा संलग्न रहनुपर्ने कागजातः बीमित र दाबीकर्ता बीचको नाता प्रमाण, दाबीकर्ताको  परिचय एकिन हुने गरी सरकारी निकायबाट जारी परिचयपत्र (नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारीचालक प्रमाणपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा), बीमालेख वा सो नष्ट भएको भए बीमकमा रहेको अभिलेखलाई आधार लिन सकिने ।

३. उक्त घटनाबाट मृत्यु वा बेपत्ता भएको सम्बन्धमा प्रमाणित गर्ने अधिकार प्राप्त निकाय वा अधिकारीबाट जारी गरिएको बाढी/विपदमा परी मृत्यु भएको बेहोरा खुलाईएको प्रमाणित विवरण/सिफारिस पत्र वा मृत्युको न्यायीक घोषणा।

४. सक्कल बीमालेख उपलब्ध हुन नसकेको अवस्थामा कम्पनीको अभिलेखमा रहेको प्रतिलिपी बीमालेखलाई आधार मान्न सकिने।

५. सम्बन्धित बीमितबाट बीमालेखको प्रतिलिपी माग भै आएमा निःशुल्क प्रतिलिपी जारी गरिदिने।

६. बीमा कम्पनीहरुबाट बीमा सम्बन्धी कागजात (पोलीसी डकेट) नष्ट भएको भएमा कागजात विवरण प्राप्त गरी अद्यावधिक गरि राख्न सम्बन्धित बीमित तथा अभिकर्ताले बीमकलाई सहयोग गरिदिने।

७. उक्त कारणबाट बीमाशुल्क वा बीमालेख कर्जाको नियमित किस्ता तिर्न नसक्ने अवस्था आएमा  ६ महिना सम्मका लागि व्याज नलाग्ने गरी मोहलत अवधि थप गरिदिने।

८. बेपत्ता बीमितको हकमा सम्बन्धित हकवालाबाट मृत्युदावी भुक्तानी लिंदा "भविष्यमा बीमित जीवित रहेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाही भएमा मञ्जुर रहेको स्वःघोषणा/प्रतिवद्धता" पत्र लिई दावी भुक्तानी गर्ने।

shamba.lamichhane@nia.gov.np

शाम्भराज लामिछाने

निर्देशक

**बोधार्थ**:

श्रीमान् अध्यक्षज्यूको सचिवालय, नेपाल बीमा प्राधिकरण।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५४२१०७९, ५४३८७४३, फ्याक्स: ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

This document is signed digitally!

श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल बीमा प्राधिकरण।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

This document is signed digitally!